# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८२/०८३
चलानी नम्बर : ९२५

मितिः २०८२/०४/१३
ने.सं. ११४५ गुँलाथ्व ५

**मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना।**

यस कार्यालयको लागि आ.व. २०८२/०८३ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित सामान तथा सेवा उपलब्ध गराउन इच्छुक इज़ाजत प्राप्त दर्तावाल, व्यक्ति, कम्पनी एवं संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची दर्ताको लागि सोही नियमावलीको अनुसूची २(क) बमोजिको ढाँचामा यही मिति २०८२ श्रावण मसान्तसम्ममा यस कार्यालयमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। आफूले गर्न चाहेको कार्यको लागि विषयगत रूपमा छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ। रित नपुगी आएको निवेदनलाई मान्यता दिइने छैन। प्राप्त दरखास्तहरू सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१. सार्वजनिक निर्माण कार्य (निर्माण व्यवसाय)
२. इन्जिनियरिङ्ग परामर्श (IEE,DPR र EIA समेत)
३. व्यवस्थापन, कानूनी तथा प्रशिक्षण परामर्श
४. स्टेशनरी (मसलन्द) सामान आपूर्ती सम्बन्धी कार्य
५. छपाइ सम्बन्धी कार्य
६. कम्प्युटर उपकरण (कम्प्युटर,UPS राउटर,फोटोकपि मेसिन तथा अन्य कम्प्युटर पाट्र्स) सप्लाई तथा मर्मत सम्बन्धी कार्य
७. फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग साथै रंगरोगनका सामानहरू र तत्सम्बन्धी कार्य
८. पुस्तक तथा पत्रपत्रिकाहरू
९. सम्पत्ति बिमा तथा अन्य बिमा सेवाहरू
१०. सूचना तथा विज्ञापन प्रकाशन र प्रशारण सेवा
११. सवारी साधन सप्लाई तथा मर्मत कार्य
१२. विद्युतीय सामग्री (जेनेरेटर, सोलार प्रणाली, एयर कण्डिसन, सि.सि.टि.भि., पंखा, हिटर तथा अन्य सामानहरू) आपूर्ति र मर्मत सम्बन्धी कार्य
१३. नेटवर्क वायरिङ, केबुलिङ तथा इलेक्ट्रोनिक वायरिङ्ग सम्बन्धी कार्य
१४. औषधी तथा स्वास्थ्य सम्बन्धी औजार उपकरण आपूर्ती तथा मर्मत सम्बन्धी कार्य
१५. कृषि सेवासँग सम्बन्धित बिउ, बिजन, विषादी, कृषि औजार एवं सामग्री तथा बिरूवा आपूर्ति गर्ने कार्य
१६. पशु सेवासँग सम्बन्धित औषधी तथा औजार एवं सामग्रीहरू आपूर्ति र मर्मत गर्ने कार्य सम्बन्धी कार्य

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

क) निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू

१. संस्था वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि

३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. व्यवसायिक इजाजत प्रमाणपत्रको प्रतिलिपि

५. कालो सूचीमा नरहेको स्व घोषणा

६. सूचीकृत दस्तुर रू. ३००/- बुझाएको रसिद वा भौचर ( सूचीकृत दस्तुर कार्यालयमा नगद रूपमा वा कार्यालयको GA 4.1 MALARANI GA.PA. AANTARIK RAJASHO KHATA को खाता नं 29201400000123 मा बैंकिङ्ग प्रणालीमार्फत् समेत बुझाउन सकिने छ ।

ख) अन्य जानकारीहरू

१. एक वा एकभन्दा बढी कार्य तथा सेवाको लागि आवेदन गर्न चाहेमा माग गरेको कागजातहरू संलग्न गरी छुट्टाछुट्टै आवेदन भरी पेश गर्नुपर्नेछ ।

२. प्रत्येक कार्य तथा सेवाको निम्ति सूचीकृत हुनका लागि योग्य हुन आवेदन फाराममा माग गरेको कागजातहरूको आधारमा गाउँपालिकाको निर्णयबमोजिम हुनेछ ।

३. सूचनामा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०८२/४/१२

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



ई-मेल: malaraniruralmun@gmail.com / info@malaranimun.gov.np वेबसाईट: www.malaranimun.gov.np